Machhapuchchhre Bank Limited

माछापुच्छ्रे बैंक लिमिटेड

(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था)

च.नं : 53/MBL/CS/078/79

482981

मिति : २०७८/०७/२९.

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड,

सिंहदरवार प्लाजा, काठमाण्डौ, नेपाल ।

**विषय : वार्षिक साधारण सभा सम्पन्न भएको सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस माछापुच्छ्रे बैंक लिमिटेडको २३ औं बार्षिक साधारण सभा मिति २०७८।०७।२६ गते होटेल पोखरा ग्राण्ड, पोखरा कास्कीमा सम्पन्न भएको छ । उक्त बार्षिक साधारण सभाले निम्नानुसार निर्णय गरेको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

**बार्षिक साधारण सभाका निर्णयहरु :**

**क. सामान्य प्रस्ताब तर्फका निर्णयहरु :**

१. आर्थिक वर्ष २०७७/७८ को संचालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने निर्णय गरिएको ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७८ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को नाफा नोक्सान हिसाब, नाफा नोक्सान बाँडफाँड तथा नगद प्रवाह विवरण लगायत सम्पूर्ण वित्तीय विवरणहरु पारित गर्ने निर्णय गरिएको ।

३. आर्थिक वर्ष २०७८/७९ को लागि एस.ए.आर.एसोसिएट्सलाई लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक रु. २,०००,००० निर्धारण गर्ने निर्णय गरिएको ।

४. संचालक समितिले प्रस्ताव गरे बमोजिम रु. ६,३३,७१,६३२.०० (अर्थात चुक्ता पूँजीको ०.७० प्रतिशतका दरले) नगद लाभांश (बोनस सेयर तथा नगद लाभांशमा लाग्ने कर सहित) वितरण गर्ने निर्णय गरिएको ।

५. संचालक समितिमा संस्थापक सेयरधनीहरुको तर्फबाट नियुक्त हुनु भएका साविक संचालक श्री गोपी कृष्ण न्यौपाने र सर्वसाधारण सेयरधनीहरुको तर्फबाट नियुक्त हुनु भएका साविक संचालक श्रीमती सिर्जना कार्की भट्टराईले आफ्नो कार्यव्यस्थताका कारण संचालक पदबाट राजिनामा दिनु भएको हुँदा संचालक समितिले संस्थापक शेयरधनी श्री रामजानकी ईन्भेष्टमेण्ट एण्ड पेट्रोलियम सप्लायर्स प्रा.लि. का तर्फबाट प्रतिनिधित्व गर्ने गरी श्री हरिभक्त सिग्देललाई र सर्वसाधारण सेयरधनीहरुको तर्फबाट श्रीमती बन्दना कार्कीलाई साविक संचालकहरुको बाँकी कार्यकालसम्मको लागि संचालक पदमा नियुक्त गरेको हुँदा सोलाई अनुमोदन गर्ने निर्णय गरिएको ।

Machhapuchchhre Bank Ltd. Head Office

482982

**ख. विशेष प्रस्ताव तर्फका निर्णयहरु :**

१. बैंकको सञ्चालक समितिले प्रस्ताव गरे अनुसार सेयरधनीहरुलाई रु. १,२०,४०,६१,०००.०० (अर्थात चुक्तापूँजीको १३.३० प्रतिशत) बराबरको बोनस सेयर वितरण गर्न स्वीकृत गर्ने निर्णय गरिएको ।

२. माछापुच्छ्रे बैंक लिमिटेड र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्था(हरु) एक आपसमा गाभ्न/गाभिन (मर्जर गर्न वा प्राप्ती (एक्विजसन) गर्न तथा बैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्यांकनका लाग मूल्यांकनकर्ता नियुक्ती गर्न, गाभ्ने गाभिने वा प्राप्ती गर्ने सम्बन्धी सम्झौता गर्न, बैदेशिक साझेदारीमा जाने सम्बन्धी निर्णय गर्न तथा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडि बढाउन संचालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरिएको ।

३. निम्न विषयहरुका सम्बन्धमा बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधन प्रस्ताव पारित गर्ने र उक्त संशोधनमा नियमनकारी निकाय (जस्तै : कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड आदि) ले संशोधन, परिवर्तन वा थप/घट गर्न सुझाव वा निर्देशन दिएमा सो अनुसार आवश्यक संशोधन, परिवर्तन वा थप/घट गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरिएको ।

(क) बैंकको अधिकृत पूँजी बृद्धि गरी रु. १५,००,००,००,०००/- (रु. पन्ध्र अरब) पुऱ्याउने र विशेष प्रस्ताव नं. १ बमोजिम जारी गरिने बोनस शेयरको हदसम्म जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि गर्ने निर्णय गरिएको।

(ख) संचालक समितिका अध्यक्ष र सदस्यको बैठक भत्ता बृद्धि गरि प्रति बैठक क्रमस: रु. २०,०००/- र रु. १७,०००/- कायम गर्ने र मोवाईल, पत्र पत्रिका र ईन्टरनेट खर्च बृद्धि गरी प्रति सदस्य मासिक रु. १५,०००/- कायम गर्ने निर्णय गरिएको ।

(ग) संचालकहरुको लागि रु. १,२५,०००/- लाख सम्मको औषधी उपचार बीमा गराईने निर्णय गरिएको ।

भवदिय,

MachhapuchchhreBank Ltd. Head Office

.......................
सुभाष जमरमटेल
कम्पनी सचिव



**Head Office:**
P.O.Box: 12427, MBL Tower, Lazimpat, Kathmandu, Nepal, Tel: +977-01-4428556, Fax: +977-01-4425356, SWIFT: MBLNNPKA, Email: machbank@mbl.com.np, Website: www.machbank.com